सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

माननीय न्यायाधीश श्री पुरुषोत्तम भण्डारी

आदेश

०७३-WO-११४९

विषयः परमादेश समेत।

| | |
|---|---|
| काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.३२ स्थित सामाजिक न्यायको लागि कानून तथा नीति नियम मञ्चको तर्फबाट अख्तियार प्राप्त ऐ.का कार्यकारी निर्देशक काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.३ बस्ने अधिवक्ता प्रेमचन्द्र राई --------------------------------------------------------------१ | रिट निवेदक |

विरुद्ध

| | |
|---|---|
| नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरवार, काठमाडौं --१<br>श्री व्यवस्थापिका संसद, व्यवस्थापिका संसद सचिवालय, सिंहदरवार, काठमाडौं ---१<br>नेपाल सरकार, परराष्ट्र मन्त्रालय सिंहदरवार, काठमाडौं -------------------------१<br>नेपाल सरकार, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय सिंहदरवार, काठमाडौं -------१<br>नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं --------------------------१<br>नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालय, सिंहदरवार, काठमाडौं --------------१<br>श्री निर्वाचन आयोग, कान्तिपथ, काठमाडौं -------------------------------------१ | विपक्षी |

नेपालको संविधानको, धारा ४६ तथा १३३(२) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः

रिट निवेदनको व्यहोरा

सामाजिक न्यायको लागि कानून तथा नीति नियम मञ्च स्थापनाकाल देखी नै अन्तराष्ट्रिय मानव अधिकार कानून अन्तर्गत नेपालले पुरा गर्नुपर्ने दायित्व प्रति राज्यको ध्यानाकर्षण गराउने, नेपाली नागरिकहरुका संविधान प्रदत्त मौलिक हकहरु कार्यान्वयन गराउन पहल गर्ने साथै अन्य सार्वजनिक हकहित र सरोकारका विषयहरुमा जिम्मेवार निकायहरुलाई जवाफदेही बनाई कानूनी शासनको प्रवर्द्धन गरी मुलुकमा सामाजिक न्याय स्थापनाको लागि योगदान पुऱ्याउने मुख्य लक्ष्य रहेको एक मुनाफा रहित गैरसरकारी संस्था हो। यस संस्थाको कार्यकारी निर्देशकको रुपमा रहेको म रिट निवेदक कानून व्यवसायी हुनाको साथै काठमाडौं स्कुल अफ लमा अनुसन्धान विभागको निर्देशकको रुपमा कार्यरत रहदै आएको छु। वैदेशिक रोजगारीमा रहेका नेपाली नगारिकहरु मतदान गर्न पाउने संवैधानिक हकबाट वञ्चित रहनु परेको अवस्था रहेको र उक्त सवालमा म र मेरो संस्थाको सार्थक सम्बन्ध र सारभुतं सरोकार रहेकोले नेपालको संविधानको धारा ४६ र १३३(२)(३) बमोजिम यो निवेदन लिई सम्मानित अदालत समक्ष उपस्थित भएको छु।

लोकतान्त्रिक मुलुकको लागि आवधिक निर्वाचन र सो निर्वाचनमा नागरिकको सार्थक सहभागिता अपरिहार्य विषय हुने गर्छ। नेपालको संविधान, २०७२ ले पनि आवधिक निर्वाचन र बालिग मताधिकारलाई प्रस्तावनामा नै उल्लेख गरेको छ भने संविधानको धारा १७(२)(क) मा "प्रत्येक नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता हुनेछ, धारा १८(१) मा सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् र कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन।" भन्ने व्यवस्था गरिएको छ। त्यसैगरी धारा ५१(झ)(५) ले वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभुती गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने व्यवस्था गरेको छ। त्यस्तै धारा ८४(५) मा "अठार वर्ष उमेर पुरा भएको प्रत्येक नेपाली नागरिकलाई संघिय कानून बमोजिम कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्ने अधिकार हुनेछ" भन्ने उल्लेख छ भने धारा १७६(५) ले अठार वर्ष उमेर पुरा भएको प्रदेशको क्षेत्रभित्र बसोबास गर्ने प्रत्येक नेपाली नागरिकलाई कानून बमोजिम कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्न अधिकार हुनेछ भन्ने व्यवस्था रहेको छ। यसका अतिरिक्त धारा २२२(५) मा अठार वर्ष उमेर पुरा भएको गाउँपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिलाई तथा धारा २२३(५) मा अठार वर्ष उमेर पुरा भएको

नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिलाई संघिय कानून बमोजिम मतदान गर्ने अधिकार हुनेछ भन्ने व्यवस्था रहेको छ।

नेपालको संविधान (२०७२) को कार्यान्वयनको सन्दर्भमा तिनवटा महत्वपूर्ण निर्वाचनहरु सम्पन्न गर्नुपर्ने दायित्व नेपाल सरकारमा रहेकोमा हाल पचासौ लाख नेपाली नागरिकहरु नेपाल बाहिर रहेको अवस्था छ। निर्वाचन आयोगको तथ्याङ्क अनुसार हाल कुल मतदाताको संख्या १,४०,५४,४८२ रहेकोमा नेपाल सरकारद्वारा २०१६ मा प्रकाशित तथ्यांक अनुसार आ.व.२००८।२००९ देखी २०१४।२०१५ को अवधिमा कुल २७,२३,५८७ व्यक्तिले श्रम अनुमती लिएको देखिन्छ। यही तथ्यांकलाई आधार मान्दा समेत कुल मतदाता संख्याको २० प्रतिशत मतदाता वैदेशिक रोजगारीको सिलसिलामा देश भन्दा बाहिर रहेको देखिन्छ। यस तथ्यांकमा श्रम अनुमती नलिइकन गएका कामदारहरु, अन्य वहानामा विदेश गएका नागरिकहरु तथा भारत प्रवासमा रहेका कामदारहरुलाई समावेश गरिएको छैन। यस तथ्यहरुलाई समेत गणना गर्ने हो भने कुल मतदाता संख्याको २५ प्रतिशत भन्दा माथी अथवा ३५ लाख भन्दा बढी रहेको देखिन्छ। तर वैदेशिक रोजगारका लागि विदेशमा रहेका नागरिकहरुलाई नेपाल बाहिरबाटै मतदान गर्न सक्ने कुनै व्यवस्था नगरिएको हुँदा हाल वैदेशिक रोजगारीको क्रममा प्रवासमा रहेका ३५ लाख भन्दा माथीको संख्याका नेपाली नागरिकहरु मतदानको अधिकारबाट वञ्चित रहेको देखिन्छ। विश्वमा हाल ११४ भन्दा धेरै राष्ट्रहरुले आफ्ना नागरिकहरुलाई आफ्नो देश बाहिरबाट समेत मतदान गर्न सक्ने व्यवस्था गरेका छन्। मुलुक बाहिरबाट गर्न सकिने मतदान (External voting) सम्बन्धी व्यवस्थाका वारेमा फिलिपिन्स बाहेक १६ वटा मुलुकहरुले गरेको व्यवस्थाहरुलाई समेत यसै निवेदनको साथ पेश गरिएको छ।

कुनै पनि आवधिक निर्वाचनमा आफ्नो प्रतिनिधी चुन्न पाउने हक वैयक्तिक स्वतन्त्रताको हक अन्तर्गत सुनिश्चित गरिनु पर्ने हक हो। तर वैदेशिक रोजगारको क्रममा विदेशमा रहेका नागरिकहरुलाई मतदानको अधिकारबाट वञ्चित गर्दा संविधानको धारा १७(१) ले प्रत्याभूत गरेको वैयक्तिक स्वतन्त्रताको हकबाट उनीहरु वञ्चित भएका छन् भने धारा २(क) ले प्रदान गरेको अभिव्यक्ति स्वतन्त्रताको हक र १८(१) ले व्यवस्था गरेको कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था समेतको प्रतिकुल रही अन्य धाराहरुबाट निश्रृत भएका संवैधानिक अधिकारहरु समेतको उल्लंघन हुन गएको छ। अतः अन्य उपचारको

व्यवस्थाको अभावमा संविधानको धारा १३३(२)(३) बमोजिम यस अदालतमा निहित असाधारण क्षेत्राधिकार प्रयोग गरी विपक्षीहरुको नाममा निम्न बमोजिम व्यवस्था गर्नु भन्ने परमादेश सहित जो चाहिने आज्ञा आदेश वा पुर्जी जारी गरी पाउन निवेदन गर्दछु।

(क) वैदेशिक रोजगारीको क्रममा गन्तव्य मुलुकमा रहेका कामदारको मताधिकार सुनिश्चित गर्न मुलुक बाहिरबाटै सबै तह (स्थानीय व्यवस्थापिका, प्रदेश व्यवस्थापिका र प्रतिनिधि सभा) को निर्वाचनमा मतदान गर्न सक्ने गरी (External Voting/out of country Voting) कानूनी व्यवस्था तत्काल गर्नु भन्ने निर्देशनात्मक आदेश जारी गरी पाउँ।

(ख) मुलुक बाहिरबाटै सबै तहको निर्वाचनमा मतदान गर्न (External Voting) को लागि आवश्यक पर्ने निर्वाचन सम्बन्धी जो चाहिने स्रोत साधन सहित पूर्वाधारको व्यवस्था गरी ती नागरिकहरुलाई मतदान कार्यमा सहभागी हुने अवसर प्रदान गर्न समेत आदेश जारी गरी पाउँ। साथै प्रस्तुत निवेदन पत्रलाई सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ६३(३)(६) बमोजिम अग्राधिकार समेत प्रदान गरी पाउँ भन्ने व्यहोराको रिट निवेदन।

<u>यस अदालतबाट भएको कारण देखाउ आदेश</u>

यसमा के कसो भएको हो? निवेदकको माग बमोजिम परमादेशको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने मनासिब आधार कारण र प्रमाण भए सो समेत खुलाई सूचना म्याद प्राप्त भएको मितिले १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेश गर्नु भनी प्रस्तुत आदेश र निवेदन पत्रको प्रतिलिपि समेत साथै राखी विपक्षीहरुको नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नू। साथै प्रस्तुत निवेदनमा नागरिकको मताधिकारको विषय जोडिएकोले चाडो निरोपण हुनु मनासिव हुँदा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ६३(३)(च५) बमोजिम अग्राधिकार दिइएको छ भन्ने यस अदालतको मिति २०७४।१।२१ को आदेश।

<u>विपक्षी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको लिखित जवाफ</u>

नेपालको संविधानको धारा ८४, १७६, २२२ र २२३ मा अठार वर्ष उमेर पूरा भएका र मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिलाई विभिन्न प्रयोजनका लागि कानून बमोजिम मतदान गर्ने अधिकार रहेको विषयलाई रिट निवेदक स्वयंले निवेदनको प्रकरण ३ मा उल्लेखित गर्नु भएकोले मतदाता हुन योग्य व्यक्तिलाई कानूनले मताधिकारको अधिकार प्रदान गरेको स्पष्ट नै छ। जहाँसम्म वैदेशिक रोजगारीको क्रममा गन्तव्य मुलुकमा रहेका नेपाली

नागरिकले गन्तव्य मुलुकबाट नै निर्वाचनमा सहभागी भई मत दिन पाउनको लागि कानून निर्माण गर्नुपर्ने विषय छ, नेपाल बाहिर मतदान गर्ने व्यवस्था गर्दा त्यसबाट पर्न सक्ने चुनौती, निर्वाचनको सुरक्षा प्रवन्ध, निर्वाचन व्यवस्थापन, निर्वाचनको अनुगमन, विदेशमा हुने मतदान केन्द्रको संख्याको निर्धारण, निर्वाचन खर्च र वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकको पहुँच जस्ता विषयलाई समेत मध्यनजर गर्नुपर्ने हुन्छ। विकसित मुलुक सबैले Out of Country voting को व्यवस्था गर्न सकेको अवस्था पनि छैन। साथै Out of Country Voting को विषय नेपाल राष्ट्रले एकलौटी रुपमा निर्णय गरेर मात्र सम्वोधन गर्ने विषय नभई कुटनैतिक रुपमा विदेशी मुलुकसँग समन्वय गरी निरुपण गर्नुपर्ने भएबाट रिट निवेदकले माग गरेको विषय सम्मानित अदालतबाट न्यायिक निरुपण हुने विषय होइन। स्रोत, साधन र उपयुक्तता समेतका आधारमा नेपाल सरकारले विदेशमा रहेका मतदातालाई सोही ठाउँबाट मत दिन सक्ने गरी आवश्यक व्यवस्था गर्ने तर्फ विचार गर्ने नै हुँदा हाल सो विषयमा कानून निर्माण गर्नुपर्ने भन्ने निवेदकको भनाई युक्तिसंगत देखिंदैन। रिट निवेदन खारेज गरी पाँउ।

<u>विपक्षी व्यवस्थापिका संसदको लिखित जवाफ</u>

व्यवस्थापिका संसदको कुन काम कारवाहीबाट रिट निवेदकको कस्तो प्रकारको संवैधानिक एवं कानूनी हक अधिकार तथा नेपालको संविधान र कानूनको के कस्तो बर्खिलाप भई नागरिकको मौलिक हकको हनन् भएको भन्ने कुरा रिट निवेदनमा स्पष्ट खुलेको छैन। सरकारले आफ्नो साधन श्रोत, राज्यको आर्थिक अवस्था लगायतका विविध विषय समेतलाई मध्यनजर राखी कानून निर्माण गरी संविधान र कानूनको कार्यान्वयन गर्नुपर्ने हुन्छ। विश्वका कतिपय विकसित मुलुकहरुले समेत विदेशमा छरिएर रहेका नागरिकहरुलाई उनीहरु रहेकै मुलुकबाट मतदान गर्ने सुविधा उपलब्ध गराउन नसकिरहेको परिप्रेक्ष्यमा हाम्रो जस्तो आर्थिक रुपले सक्षम हुन नसकेको मुलुकको लागि रिट निवेदकले उठाएको विषयवस्तु सान्दर्भिक मान्न सकिंदैन। यसै गरी सरकारले वैदेशिक रोजगारलाई कानून बमोजिम अनिवार्य र अपरिहार्य बनाएको अवस्था होइन। साथै, वैदेशिक रोजगारमा जाने व्यक्तिलाई निर्वाचनमा भाग लिन वा मतदान गर्न नपाउने भन्ने कानूनी व्यवस्था नरहेको र सरकारको त्यस्तो नीति पनि नरहेको अवस्था छ। निर्वाचनमा वा मतदानमा भाग लिन मनसाय भएका व्यक्ति वैदेशिक रोजगारबाट फर्केर भाग लिन सक्ने र कुनै कानूनले प्रतिवन्ध गरेको अवस्था पनि होइन। जहाँसम्म रिट निवेदनमा उठाएको विषयवस्तु छ, सरकारले आवश्यक सम्झेको बखत आवश्यक कानून र

अन्य व्यवस्था गर्न सक्ने नै हुँदा व्यवस्थापिका संसदलाई विपक्षी बनाईनु पर्ने आधार र कारण नभएको हुँदा प्रस्तुत रिट निवेदनमा माग भए बमोजिम कुनै प्रकारको आदेश जारी हुनु पर्ने होइन, रिट निवेदन खारेज भागी भएकोले खारेज गरी पाँउ।

विपक्षी गृह मन्त्रालयको लिखित जवाफ

नेपालको संविधानद्वारा प्रदत्त संवैधानिक एवं मौलिक हक अधिकारको आम नागरिकले सहज र सरल रुपमा उपभोग गर्न पाउनु पर्छ भन्ने कुरामा गृह मन्त्रालय सदैव संवेदनशील रहदै आएको छ। मुलुक बाहिर रहेका नेपाली नागरिकहरुले आफ्नो मताधिकारको प्रयोग गर्न पाउनु पर्छ भन्ने कुरामा गृह मन्त्रालय सकारात्मक छ। विभिन्न मुलुकमा छरिएर रहेका ठुलो संख्याका नेपाली नागरिकहरुलाई मतदान गर्ने व्यवस्था मिलाउनको लागि ठुलो मात्रामा श्रोत र साधनको आवश्यकता पर्नका साथै व्यवस्थापकीय कौशलता समेत अपेक्षित रहन्छ। आवश्यक श्रोत र साधनको उपलब्धतासँगै मुलुक बाहिर रहेका नेपाली नागरिकले सहज रुपमा मतदान गर्न पाउने मताधिकारलाई सुनिश्चित गर्नका लागि आगामी दिनमा क्रमशः आवश्यक व्यवस्था मिलाउने कार्यमा मन्त्रालयले आवश्यक कदम उठाउने नै छ। रिट निवेदकले रिट निवेदनमा यस मन्त्रालयको के कस्तो काम कारवाहीबाट नेपाली नागरिकको मौलिक हक अधिकारको हनन् हुन गएको हो भन्ने सम्बन्धमा वस्तुनिष्ठ आधार र कारण समेत उल्लेख गर्न सकेको देखिंदैन। प्रस्तुत सन्दर्भमा विपक्षीको रिट निवेदन बदरभागी छ, यस मन्त्रालयो हकमा रिट निवेदन खारेज गरी पाउँ।

विपक्षी निर्वाचन आयोगको लिखित जवाफ

निर्वाचन आयोगले संविधान र प्रचलित कानून बमोजिम निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने र त्यसका लागि मतदाता नामावली तयार गर्ने जिम्मेवारी पाएको छ। निवेदकले निवेदनमा उठाउनु भए जस्तै रोजगारी, शिक्षा लगायत विभिन्न उद्देश्य अनुरुप विदेशमा बसोबास गरेका नेपाली नागरिकता प्राप्त नेपाली नागरिकलाई कानूनमा थप व्यवस्था गरेर विदेशस्थित नेपालका दुतावास, महावाणिज्य दुतावास लगायतका स्थानमा मतदान केन्द्रको व्यवस्था गरी मतदानको व्यवस्था गर्ने सन्दर्भमा तत्सम्बन्धी कानूनको निर्माण भई कार्यान्वयनमा आएका बखत आयोगले तद् अनुरुप कार्य गर्ने नै हुँदा रिट निवेदन जिकिर खारेज भागी छ। मतदाता नामावली संकलन, मतदाताको योग्यता, मतदान लगायतका विषय तत्सम्बन्धी ऐनमा उल्लेख हुने विषयहरु भएको र ऐन निर्माण गर्ने कार्य व्यवस्थापिकाको भएकोले यस विषयमा

निर्वाचन आयोगलाई विपक्षी बनाउन मिल्ने होइन। विपक्षी बनाउन नमिल्ने निकाय यस आयोग समेतलाई विपक्षी बनाई दायर गरिएको रिट निवेदन खारेज भागी भएकोले खारेज गरी पाउँ।

विपक्षी परराष्ट्र मन्त्रालयको लिखित जवाफ

नेपाल सरकार कार्य विभाजन नियमावली अनुसार तोकिएका कार्यक्षेत्र तथा नेपाल सरकारले अख्तियार गरेका नीति निर्णय एवं प्रचलित कानूनी व्यवस्थाका अधिनमा रही मन्त्रालयसँग सम्बन्धित विषयहरु कार्यान्वयन गर्ने दायित्व एवं जिम्मेवारी यस मन्त्रालयले पुरा गर्दै आइरहेको छ। खास गरी विदेशमा रहेका नेपाली नागरिकको अभिलेख तथा तिनीहरुको हकहित संरक्षण तथा गैर आवासीय नेपाली सम्बन्धी विषय परराष्ट्र मन्त्रालयले हेर्ने भए तापनि विदेशमा रहेका नेपालीहरुको मताधिकार कानूनी रुपमा सुनिश्चित गर्ने र मतदान सम्बन्धी व्यवस्थाका लागि नीतिगत निर्णय लिने विषय यस मन्त्रालय र अन्तर्गत निकायका कार्यक्षेत्राधिकारभित्र पर्ने होइन तसर्थ निवेदकको जिकिरसँग सम्बन्धित विषयहरु यस मन्त्रालयको कार्यक्षेत्र भित्र पर्ने नदेखिएकाले यस मन्त्रालय समेतलाई विपक्षी बनाई दायर भएको रिट निवेदन खारेजभागी छ, खारेज गरी पाउँ।

विपक्षी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको लिखित जवाफ

निर्वाचनको माध्यमबाट नागरिकहरुलाई आफूले चुनेका प्रतिनिधिहरु मार्फत शासन व्यवस्थामा सहभागी हुने वातावरण निर्माण गर्ने सन्दर्भमा विदेशमा बस्ने नागरिकहरुलाई निर्वाचनमा सहभागी गराउने विषयसँग सैद्धान्तिक रुपमा विमति राख्नु पर्ने अवस्था नरहेता पनि मुलुकको श्रोत र साधन भ्याएसम्म कार्यकारणी अधिकार प्राप्त नेपाल सरकारले नीतिगत निर्णय गरी व्यवस्थापिकीय प्रबन्ध गर्ने एवं कानून निर्माणको विषय विधायिकी क्षेत्राधिकारको (Legislative competence) विषय भएको हुँदा निवेदकको माग बमोजिम आदेश जारी हुनु पर्ने अवस्था छैन। साथै निवेदक रोजगारको सिलसिलामा वा अन्य कारणबाट विदेशमा बस्दै आएको र निज मतदानको अधिकारबाट वञ्चित रहेको भन्ने कुरा निवेदनमा कही पनि उल्लेख नभएकोले निवेदनमा लिएको जिकिरसँग निजको सार्थक सम्बन्ध समेत नदेखिएको हुँदा हकदैयाको अभावमा रिट खारेज भागी भएकोले खारेज गरी पाँउ।

कानून व्यवसायीहरुको बहस जिकिर

नियम बमोजिम पेशी सुचीमा चढी निर्णयको लागी यस इजलासमा पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री हरि फूयाँल, श्री

आलोक पोखेल, श्री बरुण घिमिरे,श्री अनुराग देवकोटा र श्री केदार दाहालले लोकतन्त्रको लागी आवधिक निर्वाचन र सो निर्वाचनमा नागरिकको सार्थक सहभागिता अपरिहार्य विषय हुन् भने मतदानमा सहभागी हुन पाउने हक हरेक नागरिकको संवैधानिक अधिकार हो। संविधानले प्रदान गरेको यस अधिकारको उपभोग सबैले समान गरिकाबाट गर्न पाउने व्यवस्था मिलाउने दायित्व नेपाल सरकारको हो तर मुलुक बाहिरबाट मतदान गर्न पाउने व्यवस्था नहुँदा वैदेशिक रोजगारको क्रममा विदेशमा रहेका लाखौं नेपालीहरु मतदान जस्तो संवैधानिक अधिकारबाट बञ्चित हुनुपरेको अवस्था छ। विश्वको विभिन्न देशमा मुलुक बाहिरबाट मतदानमा समावेश हुन पाउने व्यवस्था गरिएकोमा नेपालमा समेत सो गर्न सम्भव छ तर विपक्षीहरुले सो सम्बन्धमा आवश्यक व्यवस्था नगरेको कारणले लाखौं नेपाली नागरिकहरु मतदान जस्तो आधारभुत अधिकारबाट बञ्चित हुनपरेकोले रिट निवेदन बमोजिमको आदेश जारी गरी वैदेशिक रोजगारको क्रममा विदेशमा रहेका नेपाली नागरिकहरुलाई मतदान गर्न पाउने व्यवस्था मिलाउनु पर्छ भनी बहस गर्नु भयो।

त्यसैगरी विपक्षीहरुको तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता श्री हरिप्रसाद रेग्मीले संविधानले प्रदान गरेको नागरिकको मतदानको अधिकार आम नागरिकले सहज र सरल रुपमा उपभोग गर्न पाउनु पर्छ भन्ने कुरामा नेपाल सरकार संवेदनशिल रहेको छ। वैदेशिक रोजगारीको लागी गन्तव्य मुलुकमा रहेका नेपाली नागरिकले सोही मुलुकबाट मतदान गर्ने व्यवस्था गर्नको लागी निर्वाचनको सुरक्षा प्रवन्ध, निर्वाचन खर्च, निर्वाचनको अनुगमन, मतदान केन्द्रको संख्याको निर्धारण, निर्वाचन खर्च लगायतका विषयलाई समेत मध्यनजर गर्नुपर्ने हुन्छ। सबै विकसित मुलुकहरुले समेत यस प्रकारको व्यवस्था गर्न नसकेको अवस्थामा नेपाल राष्ट्रले एकलौटी रुपमा घोषणा गरेर मात्र सम्बोधन हुने विषय होइन। स्रोत साधन र उपयुक्तताको आधारमा नेपाल सरकारले विदेशमा रहेका मतदातालाई सोही ठाँउबाट मत दिन सक्ने गरी आवश्यक व्यवस्था गर्ने तर्फ विचार गर्ने नै हुँदा हाल सो विषयमा कानून निर्माण गर्नुपर्ने भन्ने रिट निवेदकको भनाई युक्तिसङ्गत छैन। रिट निवेदन खारेज हुनुपर्छ भनी बहस गर्नुभयो।

उपरोक्त तथ्य र वहस जिकिर रहेको प्रस्तुत रिट निवेदनमा देहायका प्रश्नहरुको सम्बन्धमा निर्णय गर्नुपर्ने देखियो।

१. मतदानको अधिकार नागरिकको कस्तो प्रकारको अधिकार हो?

२. वैदेशिक रोजगारको क्रममा मुलुक बाहिर रहेका नागरिकहरुलाई निर्वाचनमा मुलुक बाहिरबाटै मतदान गर्ने अवसर दिनु पर्ने हो वा होइन?

३. वैदेशिक रोजगारको क्रममा मुलुक बाहिर रहेका नागरिकहरुलाई मुलक बाहिरबाटै मतदान गर्ने अवसर दिनु पर्ने भए सो कार्यलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न सकिन्छ वा सकिदैन?

४. निवेदकको माग बमोजिमको आदेश जारी गर्नु पर्ने हो वा होइन?

अब मतदानको अधिकार नागरिकको कस्तो प्रकारको अधिकार हो भन्ने सम्बन्धमा विचार गर्दा नागरिकलाई मतदानको अधिकार दिइनुको सैद्धान्तिक आधार र औचित्य के हो तथा यस सम्बन्धमा राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनले कस्तो व्यवस्था गरेको छ भन्ने सम्बन्धमा संक्षिप्त चर्चा गर्नु सान्दर्भिक हुने देखिन्छ।

आवधिक निर्वाचन र वालिग मताधिकार कुनै पनि लोकतान्त्रिक प्रणालीको आधारभुत शर्त हो। लोकतन्त्रमा नागरिकहरु सार्वभौम हुन्छन् र बालिग मताधिकारको माध्यमबाट आफुमा निहित रहेको सार्वभौम अधिकारको अभ्यास गर्छन्। आवधिक निर्वाचनमा नागरिकहरुले प्रयोग गर्ने मताधिकारनै शासनमा नागरिकको सहभागिता सुनिश्चित गर्ने सशक्त माध्यम हो। राज्यको शासन प्रक्रियामा सहभागी हुन पाउनु नागरिकको हक हो तर सबै नागरिकहरु एकसाथ राज्यको नीति निर्माणमा सरकारमा सहभागी हुन व्यवहारिक रुपमा नमिल्ने भएकोले एक व्यक्ति एक भोट (one person one vote)सिद्धान्तको आधारमा आफ्ना प्रतिनिधीहरु छनौट गरी नागरिकले शासन प्रक्रियामा सहभागिता जनाउछन्। अर्को शव्दमा भन्नुपर्दा निर्वाचनको माध्यमबाट नागरिकहरुले छनौट गर्ने प्रतिनिधीहरु नागरिकको वारेस हुन् जसले नागरिकले प्रयोग गरेको मताधिकार मार्फत् वैधानिकता प्राप्त गर्छन् र नागरिकहरुको ईच्छा, भावना र आवश्यकताको प्रतिनिधित्व गर्दै नागरिकको तर्फबाट शासन प्रक्रियामा सहभागि हुन्छन्। सबै मानव जाती समान हुने हुँदा कोहीमाथी शासन गर्नको लागी त्यस्तो शासित वर्गको स्वतन्त्र सहमती प्राप्त हुनुपर्छ भन्ने दार्शनिक मान्यताको आधारमा लोकतान्त्रिक शासन व्यवस्थामा नागरिकहरुलाई मतदान गर्ने अधिकार प्रदान गरिएको हुन्छ। लोकतान्त्रिक व्यवस्थामा सरकार गठनको प्रक्रियाहरु देश अनुसार फरक हुन सक्छन् तर नागरिकको प्रत्यक्ष अप्रत्यक्ष मतदानको माध्यमबाट सरकारमा सहभागिता जनाउने पद्धती हरेक लोकतान्त्रिक व्यवस्थामा रहेको हुन्छ। लोकतान्त्रिक शासन व्यवस्थाको चरित्र भनेको लोकसम्मती वा जनइच्छा अनुसार चल्नु हो र निर्वाचन नागरिकहरुको

आफ्नो इच्छा अभिव्यक्त गर्ने माध्यम हो। लोकतन्त्रमा मतदान मार्फत् नै नागरिकहरुले कसलाई प्रतिनिधी छान्ने तथा कस्तो कानून तथा नीति निर्माण गर्ने जस्ता आधारभुत प्रश्नहरुमा आफ्नो धारणा अभिव्यक्त गर्ने भएकोले नागरिकको मतदान गर्ने अधिकार विचार र अभिव्यक्तिको स्वतन्त्रतासँग पनि अन्योन्याश्रित रुपमा जोडिएको हुन्छ।

नागरिकको मतदानको अधिकारको सम्बन्धमा विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनले गरेको व्यवस्था हेर्दा नेपालको संविधान(२०७२)को प्रस्तावनामानै हामी "*सार्वभौमसत्ता सम्पन्न नेपाली जनता*"भनी सम्बोधन गर्दै नेपाली जनताहरुले आफुमा निहित सार्वभौमसत्ताको अभ्यास "*आवधिक निर्वाचन*"र "*बालिग मताधिकार*"बाट गर्ने आशय व्यक्त गरिएको छ भने विचार र अभिव्यक्तिको स्वतन्त्रतालाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ। त्यसै गरी संविधानको धारा ८४(५)मा अठार वर्ष उमेर पूरा भएका प्रत्येक नेपाली नागरिकलाई संघिय कानून बमोजिम कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्ने अधिकार हुनेछ भन्ने व्यवस्था गरिएको छ भने धारा १७६(५)मा *अठार वर्ष उमेर पुरा भएको प्रदेशको क्षेत्रभित्र बसोबास गर्ने प्रत्येक नेपाली नागरिकलाई कानून बमोजिम कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्ने अधिकार हुनेछ* भन्ने व्यवस्था गरिएको छ।यसको अतिरिक्त धारा २२५(५)मा *अठार वर्ष उमेर पुरा भएका गाँउपालिकाको मतदाता नामावलीमा नाम समावेश भएका व्यक्तिलाई संघिय कानूनमा व्यवस्था भए बमोजिम मतदान गर्ने अधिकार हुनेछ* भन्ने व्यवस्था गरिएको छ भने धारा २२३(५)मा *अठार वर्ष उमेर पुरा भएको नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिलाई संघिय कानून बमोजिम मतदान गर्ने अधिकार हुनेछ* भन्ने उल्लेख भएको छ। यसरी विभिन्न तहको आवधिक निर्वाचनमा मतदान मार्फत् सहभागी हुन पाउने नेपाली नागरिकको हकलाई नेपालको संविधान(२०७२)ले स्पस्ट रुपमा संरक्षण गरेकोले मतदान गर्न पाउने अधिकार संवैधानिक हकको रुपमा रहेको देखिन्छ।

यसैगरी विभिन्न अन्तराष्ट्रिय कानूनले पनि नागरिकको मताधिकारको सम्बन्धमा व्यवस्था गरेको पाइन्छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र,१९४८ को धारा १९ ले हरेक व्यक्तिलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता प्रदान गरेको छ भने धारा २१(३)मा निर्वाचन मार्फत व्यक्त हुने जनताको ईच्छा नै सरकारको आधिकारिताको आधार हुने भनी उल्लेख

गरेको छ।[1] यस बाहेक नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र,१९६६ को धारा १९(२)मा हरेक व्यक्तिलाई अभिव्यक्तिको स्वतन्त्रता हुनेछ जसअन्तर्गत सबै किसिमको जानकारी वा विचारलाई खोज्न,प्राप्त गर्न वा अभिव्यक्त गर्ने अधिकार हुन्छ भनी उल्लेख भएको छ भने धारा २५ मा हरेक नागरिकलाई सार्वजनिक चासोको विषयमा आफै वा स्वतन्त्र रुपले छनौट गरिएको आफ्नो प्रतिनिधी मार्फत् भाग लिन एवं वालिग मताधिकारको प्रयोग गरी आफ्नो ईच्छाको स्वतन्त्र अभिव्यक्तिको प्रत्याभुत गर्न स्वच्छ आवधिक निर्वाचनहरुमा मतदान गर्नबाट बञ्चित नगरिने भन्ने उल्लेख भएको छ।[2] यसरी आवधिक निर्वाचनमा मतदान गर्न पाउने अधिकारलाई नेपालको संविधान तथा विभिन्न अन्तराष्ट्रिय कानूनले मानव अधिकारको रुपमा सुनिश्चित गरेको पाइन्छ। अतः निर्वाचनमा सहभागी भै मतदान गर्न पाउने नागरिकको संवैधानिक हकलाई कुनै पनि अवस्थामा अवरोध हुनु कानून संगत मान्न सकिदैन।

अब वैदेशिक रोजगारको क्रममा मुलुक बाहिर रहेका नागरिकहरुलाई मुलुक बाहिरबाटै मतदान गर्ने अवसर दिनु पर्ने हो वा होइन भन्ने दोस्रो प्रश्नको सम्बन्धमा विचार गरौ। प्रस्तुत रिट निवेदनमा निवेदकले संबिधानले नागरिकहरुलाई मतदानको अधिकार प्रदान गरेको भएतापनि वैदेशिक रोजगारमा रहेका नागरिकहरुलाई मतदानको अवसर प्रदान गर्नको लागी राज्यले आवश्यक व्यवस्था नगरेकोले वैदेशिक रोजगारीको क्रममा विदेशमा रहेका लाखौ नागरिकहरु सो अवसरबाट बञ्चित हुनु परेको भन्ने जिकिर लिएकोमा विपक्षीहरुको लिखित जवाफको अध्ययन गरि हेर्दा वैदेशिक रोजगारीको क्रममा देश बाहिर रहेका नागरिकहरुलाई मतदानको अधिकार सुनिश्चित गर्नको लागी कुनै व्यवस्था भएको देखिंदैन। जसबाट संविधानले नागरिकहरुलाई मतदानको अधिकार प्रदान गरेको भएतापनि वैदेशिक रोजगारको क्रममा विदेशमा रहेका नागरिकहरु मतदान गर्ने अवसरबाट बञ्चित रहेको अवस्था देखियो। नेपालको संविधानले नागरिकहरुलाई तिनै तहको निर्वाचनमा मतदान गर्ने अधिकार हुने भनी नागरिकको

---

[1] Article 21(3)of the Universal Declaration of Human Rights provides that the will of the people shall be the basis of the authority of government; this will shall be expressed in periodic and genuine election which shall be by universal and equal suffrage and shall be held by secret vote or by equivalent free voting procedures.

[2] Article 25 of the International Covenant on Civil and Political Rights provides that Every citizens shall have the opportunity, without any distinction mentioned in article 2 and without unreasonable restrictions.
a. To take part in the conduct of the public affairs, directly or through free chosen representatives
b. To vote and to be elected at genuine periodic elections this shall be by universal and equal suffrage and shall be held by secret ballot, guaranteeing the free expression of the will of the elections...

मतदानको अधिकारलाई संवैधानिक अधिकारको रुपमा व्यवस्था गरेको कुरालाई कुनै पनि दृष्टिकोणबाट अवमुल्यन गरिनु हुँदैन। संविधानले दिएको मतदानको अधिकार अन्तर्गत "*मतदान गर्न पाउने अवसरको अधिकार*" पनि अन्तरनिहित रहेको हुन्छ। संविधानले मतदानको अधिकार प्रदान गर्ने तर राज्यले मतदान गर्ने अवसर सृजना नगर्ने हो भने संविधानले व्यवस्था गरेको उक्त अधिकार निरर्थक र प्रयोजनहिन हुन जान्छ। यसै सम्बन्धमा यसै अदालतबाट विकास लकाई खड्का समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत [3] भएको उत्प्रेषण मुद्दामा *जवसम्म जनताले मतमार्फत् आफ्नो ईच्छा व्यक्त गर्न पाउने अवस्था सृजना हुदैन तवसम्म मतदान गर्ने अधिकार जनतामा निहित हुनु वा नहुनुले कुनै तात्विक महत्व राख्दैन र निर्वाचनको परिणाममा जनताको ईच्छा वास्तविक रुपले प्रतिविम्वित पनि हुदैन। जनताको मतदान गर्ने अधिकारलाई मूर्त र पूर्ण रुप दिनको लागी उनीहरुलाई इच्छा अनुसारको मतदान गर्ने अवसर पनि दिनु पर्दछ। यस अर्थमा Right to vote अन्तर्गत Right to opportunity to vote पनि अन्तर्निहित रहेको मान्नु पर्छ* भनी व्याख्या समेत भएको छ। त्यसैगरी मानव अधिकार समितिको टिप्पणी नं २५ को अनुच्छेद ११ मा समेत सवै नागरिकहरुले मतदानको अधिकार उपभोग गर्न पाएको छन् भन्ने कुरालाई सुनिश्चित गर्नको लागी राज्यले प्रभावकारी उपायहरु अवलम्बन गर्नु पर्ने उल्लेख छ। [4] यसरी संविधानले नागरिकलाई मतदानको अधिकार प्रदान गरेकोमा मतदान गर्ने अवसर प्राप्त गर्ने अधिकार पनि नागरिकलाई रहेको हुन्छ र नागरिकलाई सहज र भयरहित तवरबाट मतदानको अवसर दिलाउने दायित्व राज्यको हो। तसर्थ राज्यले कुनै प्रकारको भेदभाव विना सवै नेपाली नागरिकहरुलाई मतदानको अधिकारको उपभोग गर्ने अवसर प्रदान गर्नु राज्यको कर्तव्य पनि हो। नेपालको संविधानको धारा ८४(५) प्रयुक्त भएको शव्दावली हेर्दा अठार वर्ष उमेर पूरा भएका प्रत्येक नेपाली नागरिकलाई संघिय कानून बमोजिम कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्ने अधिकार हुनेछ भन्ने व्यवस्था रहेको छ। संविधानको उक्त व्यवस्था अनुसार प्रत्येक नेपाली नागरिकलाई मतदान गर्ने अधिकार प्रदान गरेको पाइन्छ। उक्त व्यवस्थाले मतदानको अधिकार प्रयोग गर्नको लागी नेपाली भुमिमानै रहेको वा

---

[3] ने.का.प.२०७०,अंक १०,पृष्ठ १२८८

[4] Paragraph 11 of the General Comment of Human Rights Committee provides that States must take effective measures to ensure that all persons entitled to vote are able to exercise the rights. Where registration of voters is required it should be facilitated and obstacles to such registration should not be imposed. Further paragraph 12 requires the state to take positive measures to overcome specific difficulties which prevent persons entitled to vote from enjoying their rights effectively.

बसेको नेपाली नागरिक हुनुपर्ने भनी संकुचित(Limited) गरेको छैन तर निश्चय पनि मतदानको अधिकार उपभोग गर्नको लागी नेपाली नागरिक हुनु पर्ने र सो नै पर्याप्त हुने देखिन्छ। यसरी संविधानलेनै प्रत्येक नागरिकलाई मतदानमा सहभागी हुन पाउने समान अवसर प्रदान गरेको अवस्थामा स्वेदेशमा रहेका नागरिकहरुलाई सो अवसर प्रदान हुने तर वैदेशिक रोजगारको क्रममा देश बाहिर रहेका नागरिकहरुलाई सो अवसर प्रदान नगर्नु समानताको अधिकारको विपरित समेत हुने देखिन्छ।

वैदेशिक रोजगारको क्रममा विदेशमा रहेका नागरिकहरुलाई निर्वाचनमा मतदान गर्ने अधिकार प्रदान गर्ने नगर्ने भन्ने विषय निर्वाचनमा नागरिकको सहभागिता सँग जोडिएको विषय हो। लोकतान्त्रिक प्रणाली अन्तर्गत हुने निर्वाचन केवल कुनै अमुक राजनीतिक दल वा व्यक्तिहरुले नेतृत्व प्राप्तीको लागी खेल्ने प्रनिष्पर्धात्मक खेल होइन।यो नागरिकहरुले आफुमा निहित रहेको सार्वभौम सत्ताको अभ्यास गरी शासन व्यवस्थामा सामेल हुने प्रक्रिया हो। त्यसैले निश्चित समयको अन्तरालमा निर्वाचनको कार्यक्रम गर्दैमा मात्र नागरिकहरुको मताधिकारको सम्मान भएको भनी मान्न मिल्दैन र यसो गर्दैमा मात्र राज्यको दायित्व पुरा हुदैन।निर्वाचन आफैमा एक सहभागितामुलक प्रक्रिया भएकोले निर्वाचनमा जति धेरै नागरिकको सहभागिता हुन्छ निर्वाचन उतिनै धेरै निश्पक्ष,वैधानिक र जनअनुमोदित हुन जान्छ।तसर्थ निर्वाचनमा नागरिकहरुको सहभागिताको स्तर कस्तो छ तथा सबै नागरिकहरुले समानताको आधारमा भयमुक्त रुपमा स्वतन्त्र र निश्पक्ष निर्वाचनमा सहभागी हुने अवसर पाएका छन् वा छैनन् भन्ने जस्ता प्रश्नहरुको सापेक्षतामा निर्वाचन गर्नुको वास्तविक मकसद पुरा भयो वा भएन भनी परिक्षण गरिनुपर्छ।

भुमण्डलिकरणको प्रभाव तथा देश भित्र रोजगारीको अवसरहरुको अभाव लगायतका कारणहरुले आज जनसंख्याको ठुलो हिस्सा विदेशमा रहेका छन्।त्यसैगरी शिक्षाको लागी,रोजगारिको लागी, कुटनीतिक सेवाको लागी, व्यापार व्यवसायको लागी तथा पारिवारिक सम्बन्धको कारणले पनि ठुलो संख्यामा नागरिकहरु विदेशमा रहेका छन्।यस मध्ये पनि रोजगारी र अवसरको अभावमा ठुलो जनसंख्या वैदेशिक रोजगारीको सिलसिलामा विदेशमा रहेको छ। यो हाम्रो सामाजिक यथार्थ हो। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले प्रकाशन गरेको Labor Migration for Employment Status Report,२०१५/१७ अनुसार सन् २००८/०९ देखी २०१६/१७ सम्म उक्त मन्त्रालयले ३५,०९,६३३ वटा श्रम स्विकृती

प्रदान गरेको देखिन्छ। यसरी गएका नागरिकहरु सबै १८ वर्ष पुगी संविधान बमोजिम मतदान गर्ने अधिकार पाएका व्यक्तिहरु हुन्।[5] रिट निवेदकले निवेदनमा उल्लेख गरेको आँकडालाई आधार मान्ने हो भने पनि कुल मतदाता संख्याको २० प्रतिशत मतदाता वैदेशिक रोजगारीको सिलसिलामा प्रवासमा रहेको देखिन्छ। यसरी वैदेशिक रोजगारीको सिलसिलामा प्रवासमा रहेका नेपाली नागरिकहरुलाई निर्वाचनको प्रक्रियाबाट वञ्चित गर्दा जनसंख्याको ठुलो हिस्सा मताधिकार जस्तो संवैधानिक अधिकारबाट वञ्चित हुन जाने हुन्छ। वैदेशिक रोजगारीको लागी विदेश जानु नागरिकहरुको चाहना वा रहर भन्दा पनि धेरैहदसम्म आवश्यकता र बाध्यताको उपज हो भने वैदेशिक रोजगारीको लागी विदेशमा रहेका नागरिकहरुले पठाएको रेमिटयान्सले देशको अर्थतन्त्रमा महत्वपुर्ण टेवा पुऱ्याएको वास्तविकता लाई अवमुल्यन गर्न सकिदैन। यसरी मुलुक बाहिर रहेको नागरिकहरुको रेमिटयान्सले अर्थतन्त्रमा पुऱ्याएको योगदानबाट राज्य लाभान्वित हुने तर तिनै नागरिकहरु मुलुक बाहिर रहेको कारणले मतदानको अधिकारबाट बञ्चित गर्नु न्यायको दृष्टिकोणबाट समेत उपयुक्त हुने देखिदैन। राज्यको अर्थतन्त्रले रोजगारीको अवसर सिर्जना गर्न नसकेको कारण रोजगारी समेतका कारणबाट विदेशिन पुगेका नागरिकहरुलाई मतदानको अधिकारबाट समेत वञ्चित गर्दा राजनितिक रुपमा समेत बञ्चितिकरणमा पर्न सक्ने जोखिम हुन्छ। देशको जनसंख्याको ठुलो हिस्सालाई अलग राखी गरिने निर्वाचनले एकातर्फ ति नागरिकहरुको मताधिकारलाई हनन गर्छ भने अर्कोतर्फ त्यसरी गरिने निर्वाचनको परिणामले नागरिकहरुको वास्तविक इच्छा र भावनालाई पुर्ण रुपमा प्रतिविम्वित गर्न सक्दैन। यसरी वैदेशिक रोजगारमा रहेका नागरिकहरुलाई मतदानको अधिकारबाट वञ्चित गर्दा त्यसले निर्वाचनकै निश्पक्षता र पवित्रतामानै प्रश्न उठ्न सक्ने देखिन्छ। राज्यले गर्ने निर्वाचनहरु स्वच्छ र निश्पक्ष हुनुपर्छ भन्ने विषयमा कुनै विवाद हुन सक्दैन तर जनसंख्याको ठुलो हिस्सालाई मत खसाल्ने अवसरबाटै विमुख गरी गरिने निर्वाचनलाई पुर्ण रुपमा जनअनुमोदित भनी मान्न पनि सकिदैन। यसै सम्बन्धमा भारतको सर्वोच्च अदालतले PUCL and ANR Vs. Union of India and ANR(2010)10 SCC 1 को मुद्दामा निश्पक्ष(Fair) भन्नाले "Equal opportunity to all people" जनाउँछ भनी व्याख्या गर्दै लोकतन्त्रको अस्तित्व एवं सुशासनको लागि जनताले उपयुक्त उम्मेदवारहरुलाई छनौट गर्न पाउनुपर्छ र यसका लागी मतदातालाई सो छनौट गर्ने अवसर

---

[5] वैदेशिक रोजगार ऐन,२०६४ को दफा ७ ले १८ वर्ष भन्दा कम उमेरको नेपाली नागरिकलाई वैदेशिक रोजगारमा जान प्रतिवन्ध गरेकोले वैदेशिक रोजगारीको लागी विदेशमा रहेका सबै नेपालीहरु मतदानको लागी योग्य छन् भनी मान्नु पर्ने हुन्छ।

पनि उपलव्ध हुनुपर्छ भनी व्याख्या गरेको देखिन्छ। त्यसैगरी आप्रवासी कामदारको संरक्षण सम्बन्धी महासन्धी १९९० को धारा ४१ मा वैदेशिक रोजगारमा रहेका व्यक्ति तथा निजको परिवारलाई कानूनले तोकेबमोजिम आफ्नो देशको निर्वाचनमा मतदान गर्ने तथा चुनिने अधिकार हुनेछ भन्ने व्यवस्था गरेको छ। नेपालले औपचारिक रुपमा उक्त महासन्धीलाई अनुमोदन नगरेको भएतापनि वैदेशिक रोजगारमा रहेका नागरिकहरुलाई आफ्नो देशमा भएको निर्वाचनमा सहभागी हुने अधिकारलाई अन्तराष्ट्रिय कानूनले समेत मान्यता दिएको (Recognize) देखिन्छ। संविधानमा कुनै हक अधिकारको व्यवस्था गरिन्छ भने उक्त हक अधिकारलाई व्यवहारमा कार्यान्वयन गर्नको लागी आवश्यक कानूनको प्रवन्ध गर्नु तथा अन्य व्यवस्थाहरु गरी सो अधिकारको उपभोग गर्न पाउने अवस्थाको सिर्जना गर्नु राज्यको दायित्व हो। अर्को शब्दमा भन्नु पर्दा संविधानले तय गरेका नागरिकको अधिकारको सम्मान गर्नु, संरक्षण गर्नु र परिपालनाको लागी आवश्यक व्यवस्था गर्नु राज्यको दायित्व भित्रको विषय हो। यसै सम्बन्धमा संयुक्त राष्ट्रसंघको मानव अधिकार समितिले आफ्नो टिप्पणी नं २५ मा नागरिकलाई मतदानको अधिकारको सुनिश्चित गर्नको लागी राज्यको के कस्तो जिम्मेवारी हुन्छ भन्ने सम्बन्धमा व्याख्या गर्दै मतदानको अधिकार भएका सबै नागरिकहरुले आफ्नो मतदानको अधिकारको अभ्यास गरेका छन् भन्ने कुराको सुनिश्चितता गर्नुपर्ने दायित्व राज्यमा हुने र सोको लागी रजिष्ट्रेशन लगायतका कार्यहरु गर्नुपर्ने भनी उल्लेख गरेको देखिन्छ।[6]यसरी राज्यको दायित्व भन्नाले निर्वाचनमा मतदान गर्ने अधिकार नागरिकको संवैधानिक अधिकार भै प्रत्येक नागरिकलाई विना भेदभाव निर्वाचनमा सहभागी हुन पाउने समान अवसर प्रदान गर्नुपर्ने र सोको लागी कानूनी,प्रशासनिक लगायत अन्य कुनै पनि आवश्यक उपाय अवलम्वन गर्नु राज्यको दायित्व भएको हुँदा तथा लोकतान्त्रिक प्रणाली अन्तर्गत हुने निर्वाचनमा सबै नागरिकहरुको वास्तविक ईच्छा र भावनालाई प्रतिविम्वित गरी निर्वाचनलाई व्यापक रुपमा जनसहभागितामुलक बनाउनको लागी वैदेशिक रोजगारीको सिलसिलामा विदेशमा रहेका नेपाली नागरिकहरुलाई समेत मतदानको अधिकार प्रदान गर्ने गरी उचित प्रवन्ध गर्नु राज्यको दायित्व हो।

---

[6] Para 11 of General Comment No. 25: The right to participate in Public affairs, voting rights and the right of equal access to public service (Art. 25) : . 12/07/96.

माथिल्ला प्रकरणहरुमा विवेचना भएबमोजिम वैदेशिक रोजगारको क्रममा मुलुक बाहिर रहेका नागरिकहरुलाई मुलुक बाहिरबाटै मतदान गर्ने अवसर दिनुपर्ने देखिदा अब सो कार्यलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न सकिन्छ वा सकिदैन भन्ने तेस्रो प्रश्नको सम्बन्धमा विचार गर्दा विपक्षीहरुले पेश गरेको लिखित जवाफमा नेपाल बाहिर मतदान गर्ने व्यवस्था गर्दा त्यसबाट पर्न सक्ने चुनौती, निर्वाचनको सुरक्षा प्रवन्ध, निर्वाचन व्यवस्थापन,निर्वाचनको अनुमगन, विदेशमा रहेका मतदान केन्द्रको संख्या निर्धारण,निर्वाचन खर्च र वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकको पहुँच जस्ता विषयलाई मध्यनजर गर्नुपर्ने र विश्वका कतिपय मुलुकहरुले समेत विदेशमा छरिएर रहेका नागरिकहरुलाई उनीहरु रहेकै मुलुकबाट मतदान गर्ने सुविधा उपलव्ध गराउन नसकेको परिप्रेक्ष्यमा हाम्रो जस्तो आर्थिक रुपले सक्षम हुन नसकेको मुलुकको लागी रिट निवेदनमा उठाएको विषयवस्तु सान्दर्भिक मात्र मिल्दैन भनी जिकिर लिएको देखिन्छ। यसरी विपक्षीहरुले वैदेशिक रोजगारीको सिलसिलामा विदेशमा रहेका नागरिकरुलाई मतदान गर्ने अवसर प्रदान गर्ने कार्यलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न सकिने कुरामा आशंका उठाएको देखिन्छ। अदालतले गरेका आदेश व्यवहारिक रुपमा कार्यान्वयन हुन सक्दैन भने त्यसरी आदेश जारी गर्नुको कुनै औचित्य नहुने भएकोले अदालतले सार्वजनिक सरोकारका यस्ता विषयहरुमा कुनै आदेश जारी गर्नु पूर्व यसको कार्यान्वयनको सम्भावनालाई गम्भिरताको साथ विचार गर्नु पर्छ। अतः वैदेशिक रोजगारको क्रममा मुलुक बाहिर रहेका नागरिकहरुलाई निर्वाचनमा मतदान गर्ने अवसर दिने कार्यलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न सकिन्छ वा सकिदैन भन्ने प्रश्नमा निर्णय गर्नको लागी वैदेशिक रोजगारको लागी विदेशमा रहेका नागरिकहरुलाई आफु रहेको देशबाटनै मतदानमा सामेल गराउन अन्तराष्ट्रिय रुपमा कस्तो खालको विधी र प्रक्रियाहरु अभ्यासमा रहेका छन् तथा यस सम्बन्धमा विभिन्न मुलुकहरुले गरेको असल अभ्यास (Best Practices) कस्तो छ भन्ने सम्बन्धमा विवेचना गरिनु बाञ्छनिय हुने देखिन्छ।

वैदेशिक रोजगारको क्रममा विदेशमा रहेका नागरिकहरुलाई मतदानको अवसर दिनको लागि विश्वभरमा मुख्यतः चार वटा विधिहरु अभ्यासमा रहेको देखिन्छ। पहिलो विधि वैदेशिक रोजगारमा रहेको नागरिकलाई निज रहेकै देशमा मतदान केन्द्रको व्यवस्था गरी सोही स्थानमा मत खसाल्ने व्यवस्था गर्ने हो। यसरी स्थापना गरिने मतदान केन्द्रहरु प्रायजसो उक्त देशमा रहेको राजदुतावास वा कन्सुलरको कार्यालयमा राखिन्छ। अफगानिस्तान,अर्जेन्टिना,हङ्गेरी, दक्षिण

अफ्रिका लगायतका देशहरुले यस प्रक्रियाबाट विदेशमा रहेका नागरिकहरुलाई मतदान गर्ने अवसर प्रदान गरेको देखिन्छ। त्यसैगरी दोस्रो विधि भनेको हुलाक मार्फत् विदेशमा रहेका नागरिकहरुलाई मतदानको अवसर प्रदान गर्नु हो। यस विधि अनुसार विदेशमा रहेको नागरिकले आफुले ईच्छा गरेको उम्मेदवारलाई छनौट गरी उक्त मतलाई हुलाकको माध्यमबाट स्वदेशमा पठाइन्छ। क्यानडा,नर्वे,मेक्सिको,स्विजरल्यान्ड लगायतका देशहरुले यस विधिको प्रयोग गरेको देखिन्छ। विदेशमा रहेका नागरिकहरुलाई मतदान गर्ने अवसर प्रदान गर्ने तेस्रो विधि भनेको निजहरुको प्रतिनिधिहरु(Proxy) मार्फत् हो। यस विधिमा विदेशमा रहेका नागरिकले आफ्नो तर्फबाट मतदान गर्नको लागी स्वदेशमा प्रतिनिधि नियुक्ति गर्छ र मतदानको दिन निजको अनुपस्थितिमा त्यसरी नियुक्त भएको प्रतिनिधीले निजको ईच्छा बमोजिम मतदान गर्दछ। मौरिसस,नायरु,टोगो लगायतका देशहरुले यस प्रकारको अभ्यास गरेको देखिन्छ। त्यसैगरी चौथो विधि अनुसार इलेक्ट्रोनिक भोटिङ्गको माध्यमबाट मत खसाल्ने कार्य गरिन्छ। यसका अलावा फ्याक्सको माध्यमबाट पनि केही देशहरुमा विदेशमा रहेका नागरिकहरुलाई मतदान गर्ने अवसर प्रदान गरेको देखिन्छ भने कुनै देशमा माथी उल्लेखित विधिहरु मध्ये एकभन्दा बढी विधिको एकसाथ मिश्रित रुपमा प्रयोग गरेको पनि देखिन्छ।[7]

यसरी विदेशमा रहेका नागरिकहरुलाई मतदानको अवसर प्रदान गर्नको लागी विभिन्न विधिहरु अभ्यासमा रहेकोमा विभिन्न देशहरुले विदेशमा रहेका नागरिकहरुलाई मतदानको अवसर प्रदान गर्नको लागी कानूनी रुपमा पनि व्यवस्था गरेको पाइन्छ। IDEA International ले प्रकाशन गरेको प्रतिवेदन अनुसार विश्वका ११५ वटा देशले विदेशमा रहेका नागरिकहरुलाई पनि मतदानको अधिकार प्रदान गरेको छन्।[8] फिलिपिन्सले सन् २००३ मा The Overseas Absentee Voting Act मार्फत् आफ्नो देश बाहिर रहेका नागरिकको लागी मतदानको अधिकारको सुनिश्चितता गरेको छ। उक्त ऐनको दफा २ मा It is the prime duty of the state to provide a system of honest and orderly overseas absentee voting that upholds the

---

[7] विदेशमा रहेका नागरिकहरुको मताधिकार को सम्बन्धमा विस्तृत अनुसन्धान गरी International Idea ले प्रकाशन गरेको Voting from Abroad; The international idea handbook मा माथी उल्लेख गरिएका विधिहरु विभिन्न देशहरुले अभ्यास गर्दै आएका छन् भनी उल्लेख गरिएको छ।

www.idea.int/sites/default/files/publications/voting-from-abroad-the-international-idea-handbook.pdf( accessed on 26th August,2018)

[8] IDEA International द्वारा प्रकाशित Voting From Abroad; The International IDEA Handbook मा सो कुरा उल्लेख गरिएको छ।

secrecy and sanctity of the ballot. Towards this end, the States ensures equal opportunity to all qualifies citizens of the Philippines abroad in the exercise of fundamental right भन्ने व्यवस्था गरेको पाइन्छ। यसरी विदेशमा रहेका फिलिपिनी नागरिकलाई मतदानको समान अवसर दिनु राज्यको दायित्व हुने भनी उक्त ऐनमा स्पस्ट सँग उल्लेख गरिएको छ। त्यसैगरी उक्त ऐनको दफा ४ मा All citizens of the Philippines abroad, who are not otherwise disqualified by law, at least eighteen 18 years of age on the day of elections, may vote for president, vice president, senators and party list representatives भन्ने व्यवस्था रहेको छ। यसरी वैदेशिक रोजगारीको क्रममा अनुमती लिएर विदेश गएका कामदारहरु मात्र नभै विदेशमा रहेका सवै फिलिपिनी नागरिकहरुको मतदानको अधिकारलाई समेत यस ऐनले सुनिश्चित गरेको देखिन्छ।

त्यसैगरी युरोपियन मुलुक स्पेनको संविधानको धारा ६८(५) मा All Spaniards entitled to the full exercise of their political rights shall be electors and may be elected. The law shall recognize and the State shall facilitate the exercise of the right of vote by Spaniards who are outside Spanish territory भन्ने व्यवस्था गरी संविधानलेनै विदेशमा रहेका नागरिकहरुलाई मतदानको अधिकार हुने कुराको सुनिश्चित गरेको देखिन्छ भने विदेशमा रहेका स्पेनिस नागरिकहरुले विदेश स्थित राजुदुतावास वा कन्सुलरको कार्यालयमा गई वा हुलाक मार्फत् उक्त अधिकारको प्रयोग गर्ने गरेको पाइन्छ। छिमेकी मुलुक भारतमा समेत सन् २०१० मा The Representation of the People (Amendment) Act,2010 ले The Representation of the People Act, 1950 मा केही महत्वपुर्ण संशोधन गर्दै विदेशमा रहेका भारतिय नागरिकहरुलाई समेत मतदानको अधिकार प्रदान गरेको देखिन्छ। उक्त ऐनको दफा २०(क)मा निम्न व्यवस्था गरिएको छ।

20(A)(1)- Notwithstanding anything contained in this Act, every citizen of India-

a) Whose name is not included in the electoral roll.
b) Who has not acquired the citizenship of any other country, and,
c) Who is absenting from his place of ordinary residence in India owing to his employment, education or otherwise outside India shall be entitled to have his electoral role in the constituency in which his place of residence in India as mentioned in his passport is located.

यसरी भारतले लामो समयसम्म विदेशमा रहेका नागरिकहरुलाई मतदानको अवसर प्रदान नगरेकोमा सन् २०१० देखी रोजगारी,शिक्षा तथा अन्य कारणहरुले गर्दा विदेशमा रहेका

नागरिकहरुलाई उनिहरुको पासपोर्टमा उल्लेखित ठेगाना अनुसारको निर्वाचन क्षेत्रको मतदाता नामावलीमा नाम दर्ता गरी मतदान गर्न पाउने अवसर प्रदान गर्नको लागी कानूनी व्यवस्था गरेको देखिन्छ भने विदेशमा रहेका नागरिकहरुले आफ्नो प्रतिनिधी नियुक्त गरी वा इलेक्ट्रोनिक भोटिङ्गको माध्यमबाट मतदान गर्न पाउने व्यवस्था गरेको देखिन्छ। विदेशमा रहेका नागरिकहरुलाई मतदानको अवसर दिने अर्को उदाहरणको रुपमा नामिवियालाई लिन सकिन्छ। उक्त देशले Electoral Act,2009 मा संशोधन गरी सन् २०१४ को राष्ट्रिय निर्वाचनबाट विदेशमा रहेका नागरिकहरुलाई समेत मतदानको अवसर प्रदान गरेको थियो। उक्त ऐनको दफा २३ मा In order to enable persons temporarily outside Namibia to be registered as voters and to take part in an election of the President or of members of the National Assembly, as contemplated in section 22(1)(a), the Commission may establish temporary registration points outside Namibia at any Namibian diplomatic mission, or where possible, at the other convenient places as may be determined by the Commission in consultation with the Minister responsible for foreign affairs. उक्त व्यवस्था हेर्दा विदेशमा अस्थायी रुपमा बसोबास गरिरहेका नागरिकहरुले पनि राष्ट्रपति तथा राष्ट्रिय सभाको निर्वाचनमा विदेश स्थित कुटनितिक नियोग वा निर्वाचन आयोगले विदेश मन्त्रालय सँगको परामर्शमा तोकेको अन्य उपयुक्त स्थानबाट मतदान गर्न सक्ने देखिन्छ। त्यसैगरी जापानमा सन् २००५ को निर्वाचन यता विदेशमा रहेका नागरिकहरुलाई पनि मतदानको अवसर प्रदान गरिएको छ।

माथी उल्लेखित दृष्टान्तहरु विदेशमा रहेका नागरिकहरुलाई मतदानको अवसर दिनको लागी विभिन्न देशहरुले गरेका केही प्रतिनिधी उदाहरणहरु मात्र हुन् जसबाट विश्वका विभिन्न देशहरुले विदेशमा रहेका नागरिकहरुलाई मतदानको अवसर दिनको लागी कानूनी र अन्य व्यवस्था गरेको देखिन्छ। यी विभिन्न मुलुकहरु मध्ये हाम्रो जस्तो समान आर्थिक अवस्था तथा सामाजिक र राजनितिक परिवेश[9] भएको कतिपय मुलुकहरुमा समेत विदेशमा रहेका आफ्ना नागरिकहरुलाई मतदानको अवसर प्रदान गर्न कानूनी र अन्य व्यवस्था गरिएकोमा हाम्रो मुलुकले त्यस्तो व्यवस्था गर्न नसक्ने देखिदैन। मुख्य कुरा राज्यको ईच्छाशक्ति र प्रतिवद्धता हो। संविधानमा व्यवस्था गरिएका संवैधानिक हकहरु संविधानले नागरिक समक्ष गरेका वाचा

[9] विदेशमा रहेका नागरिकहरुलाई मतदानको अवसर प्रदान गरेका केही देशहरुको आर्थिक अवस्था नेपालको भन्दा पनि कमजोर रहेको छ। उदाहरणको लागी नामिवियाको प्रतिव्यक्ति आय नेपालको तुलनामा कम छ। त्यस्तैगरी भारतको र नेपालको सामाजिक परिवेश मिल्दो जुल्दो छ।

हुन् जसको कार्यान्वयन गर्ने जिम्मेवारी राज्यको हो। संविधानले नागरिकलाई मतदानको अधिकार प्रदान गरेकोमा सबै नागरिकहरुलाई मतदान गर्ने अवसर दिलाउनको लागी राज्यले तत्काल उपलब्ध स्रोत साधन तथा व्यवस्थापकिय क्षमताको पूर्ण उपभोग गर्दै यसको कार्यान्वयन गर्नको लागी तत्काल कदमहरु चाल्नु पर्ने हुन्छ। यसै सन्दर्भमा विपक्षी निर्वाचन आयोगले विदेशमा रहेका नेपाली नागरिकहरुलाई मतदानको अवसर प्रदान गर्ने सम्बन्धमा सम्भाव्यता अध्ययन गरी सन् २०१४ मा प्रतिवेदन समेत तयार गरिसकेको देखिन्छ। रिट निवेदन साथ पेश भएको उक्त प्रतिवेदनमा मतदान गर्नको लागी आवश्यक योग्यता, विदेशमा रहेका नागरिकहरुको दर्ता प्रक्रियाका विभिन्न विधिहरु, मतदान गर्नको लागी प्रयोग गर्न सकिने विधिहरु तथा विभिन्न प्राविधिक पक्षहरुको सम्बन्धमा समेत विश्लेषण गरेको देखिन्छ। अतः वैदेशिक रोजगारको क्रममा मुलुक बाहिर रहेका नागरिकहरुलाई निर्वाचनमा मतदान गर्ने अवसर प्रदान गर्ने कार्यलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न सकिने नै देखिन्छ।

अब निवेदकको माग बमोजिमको आदेश जारी गर्नुपर्ने हो वा होइन भन्ने चौथो प्रश्नको सम्बन्धमा विचार गर्दा प्रस्तुत रिट निवेदनमा निवेदकले मुलुक बाहिरबाटै सबै तहको निर्वाचनमा मतदान गर्न (External Voting/Absentee Voting) को लागि आवश्यक पर्ने निर्वाचन सम्बन्धी जो चाहिने स्रोत साधन सहित पूर्वाधारको व्यवस्था गरी बैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुलाई मतदान कार्यमा सहभागी हुने अवसर प्रदान गर्न परमादेश सहित अन्य आदेश जारी गरी पाउँ भन्ने मागदावी लिएको देखिन्छ। वैदेशिक रोजगारीको क्रममा विदेशमा रहेका नेपाली नागरिकहरुलाई मतदानको अधिकार प्रदान गर्नको लागी आवश्यक कानूनी तथा अन्य पुर्वाधारहरुको व्यवस्था हाल भैनसकेको अवस्थामा आवश्यक कानूनी तथा अन्य पुर्वाधारहरुको व्यवस्था नगरी तत्कालै वैदेशिक रोजगारीको क्रममा विदेशमा रहेका नागरिकहरुलाई मतदानको अधिकार प्रदान गर्न व्यवहारिक रुपमा सम्भव हुने नदेखिदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ।

प्रस्तुत रिट निवेदन खारेज हुने ठहरेतापनि माथील्ला प्रकरणहरुमा विवेचना भएबमोजिम निर्वाचनमा मतदान गर्न पाउने अधिकार नागरिकको आधारभुत मानव अधिकार तथा संवैधानिक अधिकार समेत भएको तथा निर्वाचनमा सबै नागरिकको समान अवसर सहित वास्तविक भावना र इच्छा समेतलाई प्रतिनिधित्व गर्नको लागी वैदेशिक रोजगारीमा रहेका नागरिकहरुलाई मुलुक बाहिरबाटै सबै तहको निर्वाचनमा मतदान गर्ने अवसर प्रदान गर्नुपर्ने देखिएको तथा सो कार्यलाई

व्यवहारिक रुपमा समेत कार्यान्वयन गर्न सकिनेनै देखिदा आवश्यक कानूनी र अन्य पुर्वाधारहरुको व्यवस्था गरी वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुलाई मतदानको अधिकार प्रदान गर्न विपक्षीहरुको नाममा देहाय अनुसारको निर्देशनात्मक आदेश जारी गरिदिएको छ।

१) रिट निवेदकले वैदेशिक रोजगारीमा रहेको नेपाली नागरिकहरुको हकमा external voting को माग गरेको भएतापनि वर्तमान समयमा ठुलो संख्यामा नेपाली नागरिकहरु विभिन्न देशहरुमा स्थित नेपालको कुटनैतिक नियोग,संयुक्त राष्ट्रसंघ तथा अन्तराष्ट्रिय संघसंस्थामा काम गर्न, विश्वविद्यालयहरुमा अध्ययन गर्न तथा विभिन्न पेशा व्यवसाय गर्ने सिलसिलामा विदेशमा रहेको अवस्थामा वैदेशिक रोजगारीको क्रममा विदेशमा रहेका नागरिकहरुलाई मात्र external voting को अधिकार प्रदान गर्दा समान स्थितीका समान नागरिक विच विभेद हुने अवस्था सृजना हुने भएकोले विदेशमा रहेका सबै नेपाली नागरिकले निर्वाचनमा भाग लिई प्रजातन्त्रको महायज्ञमा सामेल भै मतदानको हक उपभोग गरी सरकार गठन प्रक्रियामा सहभागी हुने सहज र सरल वातावरण निर्माण गर्नुपर्ने दायित्व नेपाल सरकारमा रहेको छ। तसर्थ वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुमा मात्र मतदानको अधिकार सिमित नगरी विभिन्न उद्देश्यले विदेशमा रहेका सबै नागरिकहरुलाई मतदानको अधिकार सुनिश्चित गर्न आवश्यक प्रवन्ध गरी व्यवस्थित गर्ने तर्फ आवश्यक कदम चाल्नु।

२) विदेशमा रहेका कस्ता नेपाली नागरिकहरुलाई external voting/ out of country voting right को सुनिश्चितता गर्ने भन्ने सम्बन्धमा विदेशमा बसेको भएतापनि नेपाली नागरिकता नत्यागेको र अन्य कुनै पनि देशको नागरिकता नलिएको, मतदानको लागी कानून बमोजिमको उमेर पुरा भै मतदाता परिचय पत्र भएको तथा विदेशमा रहेका नागरिकहरुको सम्बन्धमा कुटनितिक निकायले तयार गर्ने लगतमा अद्यावधिक भएको व्यक्तिहरुलाई external voting को लागी योग्य मानी सोही अनुसारको व्यवस्था गर्नु।

३) विदेशमा रहेका नागरिकहरुलाई मतदानको अवसर प्रदान गर्नको लागी कस्तो विधि अवलम्वन गर्ने भन्ने सम्वन्धमा विभिन्न विधिहरु अभ्यासमा रहेकोमा निर्वाचन गराउदा सामना हुन सक्ने चुनौतीको पहिचान गर्दै समस्या समाधानको बाटो सहित निर्वाचन गराउन लाग्ने खर्च,प्रविधि, समायवधी नागरिकहरुको पहुँच,राजनैतिक दलहरुको

आवश्यक तयारी लगायतका पक्षहरुलाई समेत विचार गर्दा हाम्रो सन्दर्भमा प्रत्यक्ष रुपमा विदेशस्थित कुटनितिक निकायहरुमा,प्रतिनिधि मार्फत्,हुलाक मार्फत् वा इलेक्ट्रोनिक भोटिङ्ग मध्ये कुन विकल्पको प्रयोग गर्दा अधिक से अधिक नागरिकलाई स्वच्छ, निश्पक्ष र धाधँलीरहित र गोप्य तरिकाबाट आर्थिक र व्यवस्थापकिय भार वहन गर्न सक्ने गरी मतदानको अवसर प्रदान गर्न सकिन्छ सो सम्बन्धमा विभिन्न राजनितिक दलहरु,नागरिक समाज तथा रिट निवेदक संस्था लगायत सम्बन्धित निकायसँग समेतसँग परामर्श गरी आवश्यकता परे Pilot test गरी उपयुक्त व्यवस्था मिलाउनु।

४) नेपाली नागरिकहरु विभिन्न देश(Host) हरुमा छरिएर रहेका र विदेशी नागरिकलाई आफ्नो भुमिभित्रबाट मतदान गर्न दिने सम्बन्धमा अलग अलग देशमा फरक फरक कानून र नीति हुन सक्ने भएकोले विदेशमा रहेका नेपाली नागरिकहरुलाई सो अवसर दिलाउनको लागी विभिन्न देशहरुका सरकार तथा आवश्यकता अनुसार नेपाली कामदारहरु कार्यरत रोजगारदाता कम्पनिहरुसँग आवश्यक कुटनितिक पहल गर्नु।

५) मतदान गर्ने अधिकार नागरिकको सार्वभौम अधिकार निहित मौलिक एवं प्रजातान्त्रिक अधिकार भएकोले सो अधिकार उपभोग गर्नेगराउने प्रयोजनार्थ आवश्यक विधि निर्माण गर्ने दायित्व विधायिकाको भएकोले सोको प्रयोजनार्थ जो चाहिने आवश्यक व्यवस्था सहितको कानून निर्माणको लागी अविलम्व संसद समक्ष विधायिकि प्रक्रिया पुरा गरी विधेयक प्रस्तुत गर्नको लागी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको नाममा आदेश जारी गरिदिएको छ।साथै अब हुने निर्वाचनहरुमा विदेशमा रहेका नेपाली नागरिकले निर्वाचनमा भाग लिन पाउने सार्थक अवस्थाहरु सिर्जना गर्न आवश्यक स्रोत सामग्री,प्रविधि,संरचना तथा व्यवस्थापनको लागी आवश्यक तयारी गरी मतदान गर्न सक्ने सम्मको अवस्थाहरु सुनिश्चतता गर्न आवश्यक र उपयुक्त पहल गर्नु गराउनु ।

६) विदेशमा रहेका नागरिकहरुलाई मतदानमा भाग लिन सक्ने अवस्थाको सिर्जना गर्ने प्रयोजनार्थ विदेशमा रहेका नागरिकहरुको वास्तविक लगत संकलन गर्न दर्ता प्रक्रिया अविलम्व शुरु गरि आउदो निर्वाचन सम्ममा विदेशमा रहेका नेपाली नागरिकहरुले मतदानमा सहभागी हुन सक्ने वातावरण मिलाउनु।

यस आदेशको कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्नको लागी यस आदेशको प्रतिलिपी फैसला कार्यान्वयन निर्देशनालयमा पठाई तथा यस आदेशको जानकारी विपक्षीहरुलाई दिई प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनु।

न्यायाधीश

उक्त रायमा म सहमत छु।

न्यायाधीश

इजलास अधिकृत (उपसचिव): सन्देश श्रेष्ठ, शिवप्रसाद पराजुली

कम्प्युटर टाईप गर्ने: चन्दनकुमार मण्डल

इति सम्वत् २०७४ चैत महिना ७ गते रोज ४ शुभम् ........................................।